# ललितपुर महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

**वर्ष ७, अतिरिक्ताङ्क ३, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-१, मिति २०८०/९/२९**


## भाग - १

## ललितपुर महानगरपालिका
## कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८०

**प्रस्तावना** : ललितपुर महानगरपालिकाको समग्र विकासका लागि आवश्यक पर्ने स्रोतको प्रबन्ध गर्ने प्रयोजनको निमित्त

ललितपुर महानगरपालिकामा राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, ललितपुर महानगरपालिकाको सभाले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "ललितपुर महानगरपालिका कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन महानगरपालिका क्षेत्रभर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानूनबमोजिम स्थापित संगठित संस्था समेतलाई जनाउँछ।

(ख) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम सोमा लाग्ने व्याज (हर्जाना), शुल्क वा जरिवाना समेतलाई जनाउँछ ।

(ग) "कर अधिकृत" भन्नाले महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी प्राप्त विभाग/महाशाखा वा दफा ९ बमोजिम प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने महानगरपालिकाका अधिकृत कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "राजश्व विभाग/ महाशाखा" भन्नाले महानगरपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने जिम्मेवारी प्राप्त कार्यपालिकाको कार्यालय अन्तरगतको विभाग/महाशाखा/शाखा, वडा कार्यालय वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक ईकाई सम्झनु पर्छ ।

(ङ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शव्दले कर अधिकृतले करको विवरण बुझाउन सूचना

दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(च) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनःकर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाउँछ ।

(छ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(ज) "महानगरपालिका" भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्छ ।

(झ) "गैरकर राजस्व" भन्नाले परिच्छेद- १४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिएए वा नछुट्टिएएका नावालिग सन्तान सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ड) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ढ) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति, कम्पनी, फर्म, एबम् संघसंस्था समेतलाई सम्झनु पर्छ ।

(ण) "सभा" भन्नाले महानगरपालिकाको सभा सम्झनु पर्छ ।

(त) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. **व्याख्या :** यस ऐनमा परिभाषा गरिएका कुराहरुमा सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा व्याख्या गरिनेछ ।

# परिच्छेद - २

# राजस्व सम्बन्धी सामान्य सिद्धान्त, क्षेत्र र आधार

४. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त** : (१) कर राजस्व लगाउँदा देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछ :-

(क) कर तिर्न सक्ने क्षमता,

(ख) समानता र न्यायमा आधारित,

(ग) सरलता, पारदर्शीता र मितव्ययीता,

(घ) नागरिक सुविधा,

(ङ) कर तिर्ने स्वप्रेरणा,

(च) करको आधार, करको दर र कर तिर्ने अवधीको निश्चितता,

(छ) पश्चातदर्शी असर नपर्ने ।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

५. **राजस्वका क्षेत्र र आधार** : (१) महानगरपालिकाले परिच्छेद ४ बमोजिमको कर, परिच्छेद ११ बमोजिमको जरिवाना, शुल्क, व्याज (हर्जाना) तथा परिच्छेद १३ बमोजिमको सेवा शुल्क, दस्तुरका आधारमा राजस्व संकलन गर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित क्षेत्र र आधार बाहेक महानगरपालिकालाई प्रचलित कानून बमोजिम अन्य कर तथा गैर कर राजस्व अधिकार थप भएको अवस्थामा त्यस्तो राजस्व महानगरपालिकाको आर्थिक ऐनले तोकेको आधारमा असूल गरिनेछ ।

## परिच्छेद - ३

## कर प्रशासन सम्बन्धी व्यवस्था

६. **कर प्रशासन :** (१) संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रको कर तथा गैर करको प्रशासन महानगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर ईकाई रहनेछन् ।

७. **कर्मचारी सम्बन्धी व्यवस्था**: (१) राजश्व महाशाखामा रहने कर्मचारीको तह र दरबन्दी संख्या सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) राजश्व महाशाखामा स्वीकृत दरबन्दीका आधारमा एक वा सोभन्दा बढी तहका कर अधिकृत, कर सहायक तथा सहयोगीलाई काममा लगाउन सकिनेछ ।

८. **कर अधिकृतको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परिक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर तथा गैरकर राजस्व संकलन गर्ने,

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक काम गर्ने,

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक काम गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर सम्बन्धी कानून र कर प्रशासन सुधारका उपायहरु बारे कार्यपालिकालाई सुझाव दिने,

(झ) राजस्व प्रक्षेपणका लागि सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

(ट) राजस्व सम्बन्धी बिवरण तथा अभिलेखहरु सुरक्षित र व्यबस्थित रुपमा राख्ने,

(ठ) राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

(ड) राजस्व सम्बन्धी अन्य काम गर्ने ।

९. **अधिकार प्रत्यायोजन :** (१) प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐन बमोजिम आफूमा रहेको कर तथा गैरकर राजस्व उठाउने अधिकार आफू मातहतका अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा कार्यपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

१०. **प्रत्यायोजित अधिकार र जिम्मेवारी :** (१) यस ऐन बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद - ४

## कर राजस्व सम्बन्धी व्यबस्था

११. **सम्पत्ति कर :** (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा आर्थिक ऐनले तोकेको दरमा सम्पत्ति कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा महानगरपालिका क्षेत्र भित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा सम्पत्ति कर लिइने र असुल उपर गरिनेछ ।

***स्पष्टीकरण:*** यस दफाको प्रयोजनका लागि "चर्चेको जग्गा" भन्नाले नक्सापास गर्दाको बखतमा समावेस भएका कित्ताहरु समेतको जग्गा सम्झनु पर्छ ।

(३) उपदफा (१) को प्रयोजनका लागि घर र जग्गाको मूल्यांकन गर्दा देहायका आधारमा गरिनेछ :

(क) घर र जग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र जग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(४) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र जग्गामा सम्पत्ति कर लाग्नेछैन :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र जग्गा,

(ग) गुठीको स्वामित्वमा भएको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र जग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र जग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र जग्गा,

(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका घर र जग्गा ।

माथि जुनसुकै कुरा लेखिएको भएपनि वस्तुस्थिति व्यावसायिक प्रयोजन रहेछ भने कर छुट हुने छैन ।

(६) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(७) सम्पत्तिको मूल्याङ्कनका लागि महानगरपालिकाले दक्ष वा विशेषज्ञ सहित बढीमा पाँच सदस्य रहेको सम्पत्ति कर मूल्याङ्कन समिति गठन गर्नेछ र यस्तो समिति गठन नभएको अवस्थामा स्थानीय राजश्व परामर्श समितिले नै मूल्यांकन समितिको कार्य गर्नेछ ।

(८) उपदफा (७) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ र समितिले प्रत्येक तीन वर्षमा घर जग्गा मूल्यांकनका आधार र दररेटको सुझाव नगरपालिकामा सिफारिश गर्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ :

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एकभन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको वराबर हक ।

(१०) करदाताले यस दफा बमोजिमको सम्पत्ति कर वार्षिक रुपमा तिर्नु पर्नेछ ।

(११) सम्पत्तिको पहिचान, विबरण संकलन, अभिलेख प्रणाली, सम्पत्ति मूल्यांकन, कर असूली तथा कर सहुलियत तथा जरीवाना सम्बन्धी व्यबस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१२. **भूमीकर/मालपोत :** (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा आर्थिक ऐनले तोकेको दरमा भूमीकर/मालपोत लगाउने र उठाउनेछ । आ.व. २०७५/०७६ देखि सर्म्पत्ति करमा समावेश भएका/जग्गाहरुको मालपोत लाग्ने छैन ।

(२) महानगरपालिकाले यस दफा बमोजिमको भूमीकर/मालपोत र दफा ११ बमोजिमको सम्पत्ति कर एकैसाथ उठाउन सक्नेछ । तर सम्पत्ति करमा समावेस भएका जग्गाको मालपोत लाग्ने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गुठीको स्वामित्वमा रहेको जग्गा र

कूटनीतिक नियोगको नाममा रहेको जग्गामा भूमीकर/मालपोत लाग्ने छैन ।

(४) करदाताले यस दफा बमोजिमको भूमीकर/मालपोत वार्षिक रुपमा तिर्नु पर्नेछ ।

(५) महानगरपालिकाले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली महानगरपालिकाको सबै वा कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमीकर/मालपोत बुझाउने म्याद बढाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम थप भएको म्यादभित्र भूमीकर/मालपोत बुझाएकोमा म्यादभित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

(७) प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थितिमा कार्यपालिकाले सोको यथेष्ट आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमीकर/मालपोतमा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना सभाको बैठक चलेको भए सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

**१३. व्यवसाय कर :** (१) महानगरपालिका क्षेत्रभित्र ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थाले महानगरपालिकामा व्यवसाय दर्ता गर्नुपर्नेछ ।

तर, यो ऐन प्रारम्भ हुनु अगावै महानगरपालिकामा दर्ता नगरी संचालन भैरहेका व्यबसाय यो ऐन जारी भएको मितिले छ महिनाभित्र यस ऐन बमोजिम महानगरपालिकामा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गरी सोको प्रमाणपत्र प्राप्त गर्ने ब्यवसायीले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गराउनु पर्नेछ ।

(३) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यबसाय वा सेवामा व्यवसायको प्रकृति, प्रकार एवं पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा बर्गीकरण गरी व्यबसाय दर्ता र नवीकरणमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा व्यबसाय कर लगाउने र उठाउनेछ ।

(४) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा एकभन्दा बढी स्थानमा सञ्चालन गरेकोमा साठी दिनभित्र

सोको जानकारी कर एकाइलाई/वडा कार्यालयलाई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिमको व्यवसाय कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

(६) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विबरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिनभित्र कर एकाइमा जानकारी दिनु पर्नेछ ।

(७) करदाताले यस दफा बमोजिम पेश गरेको विबरण कर अधिकृत वडा सचिवले आवश्यक छानबिन गरी अन्यथा देखिए यथार्थ विबरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(८) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असूल गरिनेछ ।

(९) कुनै करदाताले व्यबसाय बन्द गर्न चाहेमा यस ऐन बमोजिम लाग्ने कर बुझाई व्यबसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

(१०) व्यबसाय दर्ता, खारेजी, नवीकरण प्रकृया तथा व्यबसाय वर्गीकरण एबम् कर असूली,

कर सहुलियत तथा जरिवाना सम्बन्धी व्यबस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१४. **घर बहाल कर :** (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा घर बहाल कर लगाउने र असूल उपर गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घर जग्गा अन्य व्यक्ति वा संस्थालाई वहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर बहालमा दिएकोमा समेत महानगरपालिकाले यस ऐन बमोजिम घर बहाल कर लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोवास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रचलित कानून बमोजिम खाली गर्ने वा संरचना हटाउने कार्यलाई

यस ऐन बमोजिम बहाल कर तिरेको कारणले मात्र कुनै किसिमले बाधा पारेको मानिनेछैन ।

(४) उपदफा (१) र (२) बमोजिम लगाइने घर बहाल करको दर सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(५) घर बहाल करको प्रयोजनको लागि महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको व्यापारिक महत्व र उपलब्ध शहरी सेवा सुविधा समेत विचार गरी घर तथा जग्गाको आकार प्रकार र बनौट समेतका आधारमा वर्गीकरण गरी बहालको न्यूनतम् दर निर्धारण गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम दाखिला गर्नुपर्ने घर बहाल कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

(७) यस दफा बमोजिमको कर लगाउने प्रयोजनका लागि करदाता पहिचान र दर्ता, विबरण दाखिला, कर निर्धारण, कर दाखिला, असूली प्रकृया, करमा सहुलियत तथा जरिवाना आदिका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका

जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई महानगरपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

१६. **सवारी साधन कर** : सवारी साधन कर सम्बन्धी व्यवस्था प्रदेश कानुनले तोके बमोजिम हुनेछ।

१७. **विज्ञापन करः** (१) महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

तर, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा यस ऐन बमोजिमको कर लगाइने छैन।

(२) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न चाहने व्यक्ति वा संस्थाले महानगरपालिकाबाट अनुमति लिनु पर्नेछ र विज्ञापन कर निजबाट असूल गरिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति पत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(४) कुनै कम्पनी, फर्म, एजेन्सी, संघसंस्था वा व्यक्ति अरु कसैले प्रायोजन गरेको सूचनापाटी ( होर्डिंग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी कर एकाई वा सो इकाइले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(५) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संघसंस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा राखिने विज्ञापन सामग्रीमा कर उठाउनु अघि कर एकाइले सो निकायसँग समन्वय गरी कर असुल गर्नुपर्नेछ ।

(६) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(७) यस दफा बमोजिम महानगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रचलित संघीय र प्रदेश

कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

(८) यस दफा बमोजिमको कर उठाउन आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**१८. मनोरञ्जन कर:** (१) महानगरपालिका क्षेत्रभित्र प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम असूल गरेको मनोरञ्जन करको रकम महानगरपालिकाको स्थानीय विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम स्थानीय विभाज्य कोषमा दाखिला भएको कर रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

**१९. घर जग्गा रजिष्ट्रेशन शुल्क :** (१) महानगरपालिकाले प्रदेश कानूनले तोके बमोजिम घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क उठाउन महानगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

(३) उपदफा (२) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँट हुनेछ ।

## परिच्छेद - ५

## करदाता पहिचान ऐन सम्वन्धी व्यवस्था

२०. **करदाताको पहिचान तथा दर्ता :** (१) महानगरपालिकाले स्थानीय सरकार संचालन ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार र कर महानगरलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानविन गर्दा प्राप्त भएका तथ्य समेतका आधारमा गरिनेछ ।

(३) कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी प्रत्येक करदातालाई निश्चित पहिचान नम्वर प्रदान गरी ब्यक्तिगत अभिलेखमा दर्ता गरी राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम करदाताको पहिचान नम्बर प्रदान गर्दा करदाताले

महानगरपालिकालाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्बर कायम गर्ने व्यबस्था मिलाउन सकिनेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका वा महानगरपालिकाबाट करदाता पहिचान नम्बर प्राप्त गरेका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही स्थायी लेखा नम्बर वा करदाता पहिचान नम्बरको प्रयोग गर्नु पर्नेछ ।

२१. **करदाताको दायित्व :** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विबरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाव किताव, अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

(छ) कर संकलन कार्यमा महानगरपालिकालाई आवश्यक सहयोग गर्ने ।

२२. **करदाताको अधिकारः** (१) यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार,

(ङ) यस ऐनमा उल्लेख भए बाहेक कर सम्बन्धी सूचना, तथ्यांक र विबरणको गोपनियता अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावि गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

२३. **करदाताको प्रतिनिधित्व :** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरिक्षक वा निजले लिखित

रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेशले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्नसक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद - ६

## विवरण दाखिला सम्बन्धी व्यबस्था

२४. **विवरण दाखिला गर्न आदेश दिन सक्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विबरण नबुझाएमा वा विबरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विबरण दाखिला गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले तीस दिनभित्र राजश्व /विभाग/ /महाशाखा/ शाखा/वडा कार्यालयले विवरण दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले

आधार कारण खोली समयावधी थपको लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

२५. **विवरण सच्याउन सकिने :** (१) यस परिच्छेद बमोजिमको विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले सो सम्बन्धी तथ्य वा प्रमाण संलग्न गरी पहिलो बिवरण दाखिला गरेको तीन महिनाभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निबेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिव ठहर गरेको अवस्थामा तीस दिनभित्र विवरण सच्याउने स्वीकृती दिन सक्नेछ ।

## परिच्छेद - ७

## कर दाखिला सम्बन्धी व्यबस्था

२६. **कर दाखिला गर्नुपर्ने :** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर सम्बन्धित परिच्छेदहरुमा समय उल्लेख गरिएकोमा सोही समय सीमाभित्र र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र महानगरपालिका राजश्व

विभाग/महाशाखा/वडा कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

२७. **कर दाखिलाको निस्सा दिनुपर्ने :** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझिलिए पछि त्यस्तो राजस्व बुझ्ने कर्मचारीले करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद - ८

## करफिर्ता र समायोजन

२८. **करफिर्ता सम्वन्धी व्यबस्था :** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा चालु आर्थिक वर्ष भित्र सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर फिर्ताको लागि परेको निवेदनको व्यहोरा साँचो ठरिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती लिई निवेदन परेको तीन महिनाभित्र माग बमोजिम कर फिर्ता दिनु पर्नेछ ।

२९. **कर समायोजन सम्वन्धी व्यवस्था :** (१) करदाताले दफा २८ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदनको व्यहोरा साँचो देखिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई निवेदन प्राप्त भएको तीन महिनाभित्र माग बमोजिम कर समायोजन गर्ने आदेश दिनु पर्नेछ ।

## परिच्छेद - ९

## कर परीक्षण र कर निर्धारण

३०. **कर परीक्षण र कर निर्धारण :** (१) यस ऐन वमोजिम करदाताले विबरण पेश नगरेको वा पेश गरेको विबरणमा देहायका सबै वा कुनै काम कुरा भएगरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ :

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुठो कागजात र विवरण संकलन गरेको देखिएमा,

(ग) कारोबारको विबरण यथार्थ देखाएको भनी विश्वास गर्न सकिने मनासिब कारण नदेखिएमा,

(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा कर अधिकृतले करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेश गरेकोमा सो समेतलाई आधार मानी तथा स्पष्टीकरण पेश नगरेको अवस्थामा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

**३१. कर निर्धारणको सूचना :** (१) यस ऐन वमोजिम कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकमवारे करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ र यस्तो सूचना विजक जारी गरी वा पत्र मार्फत वा इमेल वा एसएमएसवाट दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा

उल्लिखित समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ र समयभन्दा पहिले कर दाखिला गर्ने करदातालाई महानगरपालिकाले आर्थिक ऐनमा तोकिए बमोजिमको छुट वा सहुलियत दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको बैंक खातामा कर दाखिला गरेको अवस्थामा करदाताले त्यसको बैंक भौचर कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद - १०

## कर संकलन सम्बन्धी व्यबस्था

**३२. कर संकलन सम्बन्धी व्यबस्था :** (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर तथा गैर कर राजस्व वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका अपनाई कर असूल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संघसंस्थाबाट

करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर ।

(ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर ।

(घ) करदाताको कारोबार रोक्का गरेर ।

(ङ) करदाताको चल तथा अचल सम्पत्ति दावी वा कव्जा गरेर ।

(च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कर रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३३. **किस्तावन्दीमा कर असूली :** कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने अवस्था सिर्जना भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण मनासिव देखिएमा पर्चा खडा गरी सोही वर्षभित्र किस्ताबन्दीमा कर चुक्ता हुने गरी कर दाखिला गर्न सकिनेछ ।

## परिच्छेद - ११

## जरिवाना, शुल्क र व्याज (हर्जाना) सम्बन्धी व्यबस्था

३४. **जरिवाना लाग्ने :** महानगरपालिकाको स्वीकृति बेगर शहरी सुव्यबस्थामा प्रतिकूल असर पर्ने गरी कानून विपरित सडकपेटी अतिक्रमण गर्ने, आवागमनमा अवरोध गर्ने, निर्माण सामग्री सडक वा सार्वजनिक स्थलमा जथाभावी थुपार्ने, वायु तथा ध्वनी प्रदुषण गर्ने, जथाभावी फोहोरमैला निष्काशन गर्ने व्यक्तिलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम जरिवाना लगाई असूल उपर गरिनेछ ।

३५. **ब्याज (हर्जाना) लाग्ने :** कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर, दस्तुर, सेवाशुल्क समयमा दाखिला नगरेमा प्रचलित कानूनमा व्याज (हर्जाना) तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा

तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक पन्ध्र प्रतिशत का दरले व्याज (हर्जाना) लाग्नेछ ।

३६. **अभिलेख नराखेमा शुल्क लाग्ने** : यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु एक हजार शुल्क लाग्नेछ ।

३७. **समयमा विवरण दाखिदा नगरेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम बिवरण दाखिला गर्नु पर्ने दायित्व भएको करदाताले समयमा बिवरण दाखिला नगरेमा रु तीन हजार विलम्ब शुल्क लाग्नेछ ।

३८. **झुट्टा विवरण दिएमा जरिवाना लाग्ने :** यस ऐन बमोजिम विबरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा रु पाँच हजार जरिवाना लाग्नेछ ।

३९. **व्याज (हर्जाना) नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज (हर्जाना) र जरिवानामा पूनः व्याज (हर्जाना) लाग्ने छैन ।

## परिच्छेद - १२

## पूर्वादेश, प्रशासकीय पुनरावलोकन र पुनराबेदन

४०. **पूर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा

ऐनका व्यबस्था बारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अदालतमा विचाराधिन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

४१. **पुनरावलोकन हुन सक्ने सम्बन्धी व्यवस्था :** यस ऐन बमोजिमका देहायको निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

४२. **पुनरावलोकनको प्रक्रिया :** (१) यस ऐन वमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि तिस कार्यदिन भित्र कारबाही र किनारा गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने व्यक्तिले विवादित बाँकी करको पचास प्रतिशत रकम धरौटी राख्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम राखिएको धरौटी पुनरावलोकन प्रकृया समाप्त भएपछि तिर्नुपर्ने करमा समायोजन गर्न वा तिर्न नपर्ने भएमा सम्बन्धित करदातालाई फिर्ता दिइनेछ ।

४३. **उजुरी नलाग्ने :** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन ।

४४. **पुनरावेदन दिन सक्ने :** प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले ३७ दिनभित्र चित्त नबुझ्ने पक्षले प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - १३

## गैरकर राजस्व

४५. **सेवा शुल्क तथा दस्तुर :** (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क लगाइ असूल उपर गर्नेछ ।

तर, सीमा नदी वा अर्को नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) उपदफा (१) वमोजिमको सेवाशुल्क सेवा संचालकले प्रवेश टिकटमा नै समावेश गरी संकलन गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम संकलन गरेको शुल्क संकलन गरेको महिना पछिको महिनाको

पच्चीस गतेभित्र विवरणसाथ कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

(४) महानगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको अनुसूची-१ मा उल्लिखित कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवाग्राहीलाई आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क, दस्तुर लगाई असूल उपर गर्नेछ ।

तर,ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन । तर महानगरपालिकाले तोकेको स्थान (संग्रहालय समेत) मा सेवा शुल्क लिन बाधा पर्ने छैन ।

(५) महानगरपालिकाले अनुसूची-२ मा उल्लिखित व्यबसाय वा संस्थाको दर्ता, अनुमति, नविकरण तथा नियमन आदिमा आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क दस्तुर लगाउने र उठाउनेछ ।

४६. **पर्यटन शुल्क :** (१) महानगरपालिकाले आफैले निर्माण तथा सञ्चालन गरेको पर्यटकीय स्थल, पर्यटन व्यबसाय र पर्यटकीय कृयाकलापमा आर्थिक

ऐनले तोकेको दरमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्यटन शुल्कको दर निर्धारण गर्दा पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत, संचालन र संभार खर्चलाई आधार मानी गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

४७. **सवारी साधन पार्किङ्ग शुल्क** : महानगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर, राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(२) महानगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ ।

(३) महानगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

४८. **विक्री तथा शुल्क :** (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलवाट वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा उत्पादन हुने स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(२) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा संचालित खानीबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणले तोकेको परिमाणमा गरिने स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुको उत्खनन्, संकलन वा विक्रीमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा उत्खनन् तथा संकलन शुल्क लगाउनेछ ।

(३) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्नेछ ।

(४) महानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु कार्यपालिकाको निर्णय बमोजिम लिलाम विक्री गर्न सक्नेछ ।

(५) महानगरपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम, पुस्तक, नक्शा वा अन्य सेवाहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम विक्री तथा संकलन शुल्क वापत प्राप्त रकम महानगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

४९. **बहाल विटौरी शुल्क :** (१) महानगरपालिकाले आफ्नो स्वामित्वमा रहेको वा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको पोखरी, हाटबजार, प्रदर्शनीस्थल वा मेला वा जात्रामा अस्थायी अनुमति दिएका घर पसल तथा सार्वजनिक, पर्ति वा ऐलानी जग्गामा बनेका संरचनाको उपयोग बापत आर्थिक ऐनले तोकेको दरमा बहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बहाल विटौरीमा दिँदा अवधी तोकी शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

(२) यस दफा बमोजिम महानगरपालिकालाई बहाल विटौरी शुल्क बुझाएकै आधारमा मात्र त्यस्तो घर जग्गा वा सम्पत्ति उपर सोको उपयोग गर्ने व्यक्तिको कुनै किसिमले स्वामित्व कायम भएको मानिनेछैन र महानगरपालिका वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले त्यस्तो घर जग्गा वा सम्पत्ति जुनसुकै बखत खाली गर्न यस व्यबस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

**५०. सामुदायिक वनबाट आय प्राप्त गर्ने :** (१) महानगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार उपयोग तथा विक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई महानगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सामुदायिक बनले महानगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

**५१. छुट वा मिनाहा :** (१) महानगरपालिकाले प्राकृतिक विपद् वा यस्तै विशेष अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजस्वमा आधार र कारण खुलाई कार्यपालिकाको निर्णयको आधारमा आंशिक/पूर्ण रूपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको छुट वा मिनाहा दिँदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा महानगरपालिकाले तत् तत् निकायसँग समन्वय गरी कर छुट सम्बन्धी व्यबस्थाको पालना गर्ने गराउनेछ ।

(४) उपदफा (१) बमोजिम गैरकर राजस्व छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -१४

## समन्वय सम्बन्धी व्यबस्था

५२. **नेपाल सरकारसँग समन्वय :** (१) महानगरपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन महानगरपालिका वा सोको

अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यबस्था गर्न सक्नेछ ।

(३) महानगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसंग सम्बन्धित विषयमा नेपाल सरकारसँग समन्वय गनुपर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तरगत समन्वय गरी टुंगोमा पुर्‍याएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यबस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

**५३. प्रदेश सरसकारसँग समन्वयः** (१) महानगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन महानगरपालिका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि

अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) महानगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसंग सम्बन्धित विषयमा प्रदेश सरकारसँग समन्वय गर्नुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तरगत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यबस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ।

**५४. केन्द्रीय बैंकसँग समन्वय :** महानगरपालिकाले कर र गैरकर राजस्व संकलनका सम्बन्धमा नेपाल सरकारको स्वामित्वमा रहेको बैंकहरुसँग समन्वय गरी आवश्यक व्यबस्था गर्न सक्नेछ।

**५५. अन्य निकाय, कार्यालय र संघसंस्थासँग समन्वय :** महानगरपालिका वा सोको अधिकारप्राप्त अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तरगतका सरकारी निकाय, बैंक वा संघसंस्थासँग आवश्यक समन्वय गर्न सक्नेछ।

# परिच्छेद -१५

## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्वन्धी व्यबस्था

५६. **राजस्व सम्वन्धी नयाँ प्रस्तावः** (१) महानगरपालिकाले कर तथा गैरकर राजस्व सम्बन्धी नयाँ प्रस्ताव तयार गर्दा सरोकारवालासँग आवश्यक परामर्श गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परामर्श गर्ने कार्य सामान्यतया स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समिति मार्फत गरिनेछ ।

५७. **सूचना सार्वजनिक गर्नुपर्ने :** (१) यस ऐन बमोजिम महानगरपालिकाले लगाएको कर र गैरकर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्र तथा अन्य उपयुक्त माध्यमबाट समेत सार्वजनिक गर्नुपर्नेछ ।

(२) महानगरपालिकाले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेतलाई आफ्नो वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) महानगरपालिकाले कर र गैरकर राजस्वका दर र सोमा भएको हेरफेर सम्बन्धी

विबरण नेपाल सरकारका सम्बद्ध निकायहरुमा समेत उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - १६

## विविध

५८. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** महानगरपालिकाले यस ऐन बमोजिम लगाउने करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

५९. **अदालतलाई भए सरहको अधिकार हुने :** यस ऐनको प्रयोजनको लागि महानगरपालिकाको अधिकार प्राप्त अधिकारीलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

६०. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि महानगरपालिकाले विद्युतिय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने एबम् कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर तथा गैरकर

राजस्व सम्बन्धी काम कारबाही गर्न सकिने व्यबस्था मिलाउन सक्नेछ ।

६१. **आयठेक्का सम्बन्धी व्यबस्था :** (१) महानगरपालिकाले कर संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गरिने छैन ।

तर, जडिबुटी कर, कवाडी कर, जीबजन्तु कर , विज्ञापन कर जस्ता करहरु संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा निर्णय बमोजिम ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर र विक्रीको लागि महानगरपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा कार्यपालिकाले निर्णय गरी बढीमा पाँच वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न यस व्यबस्थाले बाधा परेको मानिने छैन ।

(३) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका

व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(४) महानगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै आय ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(५) यस दफा बमोजिम हुने आय ठेक्का बन्दोबस्तका लागि आवश्यक बोलपत्र आव्हान, दरभाउपत्र तथा डाँक बढाबढ, पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु महानगरपालिकाले स्वीकृत गरेको कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

६२. **कागजातको ढाँचा :** यो ऐन र यस ऐन अर्न्तगत बनेको नियमावली, कार्यविधि वा निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विबरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यबस्था गर्न उपयुक्त देखिएमा कार्यपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

६३. **सूचना तामेली रीत पुगेको मानिने :** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेरपुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, संघसंस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुख वा सो कार्यका लागि तोकिएको कर्मचारीलाई बुझाएको ।

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको वा विद्युतीय माध्यमबाट सम्बन्धित पक्षको विद्युतीय ठेगानामा पठाएको ।

(२) कर ईकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको वा छाप लगाइ तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको कागजात मानिनेछ ।

६४. **कागजातको अभिलेख राख्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ :

(क) यस ऐन बमोजिम महानगरपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरु,

(ग) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तीमा पाँच वर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ ।

६५. **कर अधिकृतको परिचयपत्र :** राजस्व महाशाखामा काम गर्ने कर अधिकृत र अन्य कर्मचारीले काम गर्ने समयमा सेवाग्राहीले समेत सहज रुपमा देख्न सक्ने गरी परिचयपत्र लगाउने र कर्तब्य पालनाको सिलसिलामा सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

६६. **विभागीय कारवाही हुने :** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानी नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाताबीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको

निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नुपर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधीभर सो कर्मचारीलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ ।

(५) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधी निजको सेवा सम्बन्धी कानूनमा अन्यथा व्यबस्था

भएको अवस्थामा बाहेक तीन महिनाभन्दा बढी हुने छैन ।

६७. **पुरस्कृत गर्न सक्ने :** (१) महानगरपालिकाले मापदण्ड निर्धारण गरी करदातालाई उत्कृष्ठ करदाताको रुपमा प्रत्येक वर्ष पुरस्कृत गर्ने व्यबस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कारको स्वरुप, परिमाण वा सो सम्बन्धी अन्य व्यबस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) कुनै करदाताले यस ऐन बमोजिम महानगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर तथा गैर कर राजस्व रकम तिनुपर्ने रकम भन्दा कम बुझाएको वा राजस्व चुहावट गरेको सूचना दिएको आधारमा महानगरपालिकालाई थप राजस्व प्राप्त हुन आएमा त्यसरी थप हुन आएको राजस्वको पन्ध्र प्रतिशत रकम सूचना दिने व्यक्तिलाई नगद पुरस्कार दिइनेछ ।

६८. **म्याद, हदम्याद नजाने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ :

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदनको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

६९. **नियमावली, निर्देशिका वा कार्यविधि बनाउने अधिकार :** यस ऐन बमोजिमको काम प्रभावकारी रूपमा सम्पादन गर्न कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि स्वीकृत गरी लागू गर्न सक्नेछ ।

७०. **वाधा अड्काउ फुकाउने अधिकार :** (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै ऐनमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा यस ऐनमा उल्लिखित मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

७१. **बचाउ :** यो ऐन लागू हुनुपूर्व महानगरपालिकाले लगाएका कर तथा गैर कर तथा सोसँग सम्बन्धित भए गरेका कामकारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १

(दफा ४५ को उपदफा (४) सँग सम्बन्धित)

## महानगरपालिकाले उपलब्ध गराएका सेवा वा पूर्वाधारहरु

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) महानगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ,

(ज) भवन निर्माण अनुमति दस्तुर, नक्सापास दस्तुर,

(झ) व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर (संघीय कानूनले तोके बमोजिम),

## अनुसूची - २

(दफा ४५ को उपदफा (५) सँग सम्बन्धित)

## महानगरपालिकाले दर्ता, अनुमति, नविकरण तथा नियमन गर्ने संस्था र व्यबसायहरु

क) सहकारी संस्था

ख) एकसय वाटसम्मको एफ.एम. रेडियो

ग) "घ" बर्गको निर्माण व्यबसायी इजाजत

घ) आधारभूत तहको विद्यालय स्थापना

ङ) ट्युसन तथा कोचिङ्ग सेन्टर

च) औषधी पसल

छ) व्यवसाय